# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग IMF, SEAVG की Alternate Executive Director द्वारा शिष्टाचार भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहनुभएकी अन्तराष्ट्रिय मुद्रा कोष (IMF), South East Asian Voting Group (SEAVG) की Alternate Executive Director (AED) Ms. Pornvipa Tangcharoenmonkong ले असोज १३ गते शिष्टाचार भेटवार्ता गर्नुभयो । भेटवार्ताका अवसरमा Ms. Tangcharoenmonkong ले IMF को Article IV Mission का बारेमा संक्षेपमा चर्चा गर्दै नेपालको सम्बन्धमा मिसनको मुल्याङ्कन पारदर्शी र उत्साहजनक रहेको बताउनुभयो ।



सोही क्रममा गभर्नर डा. नेपालले महाभूकम्पका कारण धनजनको क्षति भई मुलुकको आर्थिक क्षेत्रमा प्रतिकुल असर परेको उल्लेख गर्नुहुँदै हाल नेपालको विदेशी विनिमय सञ्चिति तथा शोधनान्तर अवस्था सन्तोषजनक रहेता पनि उच्च व्यापार घाटाका कारण बाह्य क्षेत्रको सन्तुलन चुनौतीपूर्ण रहेको जानकारी गराउनुभयो । यसै सन्दर्भमा कोषबाट भूकम्प पश्चात् प्राप्त RCF को सराहना गर्नुहुँदै भविष्यमा कोषबाट प्राप्त हुने ECF जस्ता सहयोगमा रहने शर्तहरु मुलुकको लागि सान्दर्भिक भए अझ फलदायी हुने धारणा राख्नुभयो । विगतमा देशको पुँजीगत खर्च कम रहिआएको सन्दर्भमा भूकम्प पछिको पुनर्निर्माण कार्यमा खर्च गर्न सकिने समेत उल्लेख गर्नुभयो । उक्त अवसरमा गभर्नर डा. नेपालले केन्द्रीय बैंकको क्षमता विस्तारका सन्दर्भमा IMF को भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो ।

सो शिष्टाचार भेटमा AED का साथ IMF, SEAVG का कार्यकारी निर्देशकका वरिष्ठ सल्लाहकार Mr. Thomas Benjamin B. Marcelo को पनि उपस्थिति रहेको थियो । यसै गरी नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर महाप्रसाद अधिकारी लगायत कार्यकारी निर्देशक तथा निर्देशकहरुको समेत उपस्थिति रहेको थियो ।

२०७२ असोज १४ गते, बिहीबार

गभर्नरको कार्यालय